स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र 'राम नाम सत्य'मा समावेश कीर्तिमानी गीतकार डा.डीआर उपाध्यायको गीत 'धागोले बाटेको' सार्वजनिक गरिउको छ। आगामी चैत २७ गतेलाई प्रदर्शन मिति लक गरेको चलचित्र 'राम नाम सत्य'ले सांगीतिक कोसेलीमार्फत आफ्नो औपचारिक प्रचारप्रसार अभियानको थालनी गरेको हो। 'पर्दा पछाडिको पर्दा' भन्ने मुख्य थिम बोकेको यो चलचित्रलाई एक्सन, सस्पेन्स र प्रेमकथाको त्रिवेणी भनिएको छ।

**आजको विचार...**



बिजुली...
(दुई पेजमा)

सुशीलबहादुर कार्की



दक्षिण भारतीय फिल्म उद्योगका चर्चित कलाकार अभिनेत्री रश्मिका मन्दना र अभिनेता विजय देवरकोन्डाले अन्ततः आफ्नो विवाहको आधिकारिक पुष्टि गरेका छन्। लामो समयदेखि प्रेम सम्बन्धबारे विभिन्न अड्कलबाजी चलिरहेका बेला दुवैले सामाजिक सञ्जालमार्फत सन्देश सार्वजनिक गर्दै विवाहबारे जानकारी दिएका हुन्। यी दुईले आ-आफ्नो इन्स्टाग्राम स्टोरीमार्फत सुन्दर नोट सेयर गर्दै विवाहको पुष्टि गरेका छन्।

❒ वर्ष ३१ ❒ अंक २०७ ❒ २०८२ फागुन १२ गते मंगलबार 24 February 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## हवाई आक्रमणमा ८० को मृत्यु

(रासस/एएनआई)

**इस्लामाबाद,** फागुन ११/ अफगानिस्तानको नङ्गरहार, पक्तिका र खोस्त प्रान्तका सात स्थानमा पाकिस्तानले हवाई गरेको जनाइएको छ । आक्रमणमा ८० जना भन्दा बढी व्यक्तिको मृत्यु भएको जियो न्यूजले इस्लामाबादको सुरक्षा स्रोतलाई उद्धृत गर्दै जनाएको छ । पछिल्लो आत्मघाती आक्रमणको प्रतिक्रियामा पाकिस्तानले पनि यस क्षेत्रमा धेरै आक्रमण गरेको जनाइएको छ । लक्षित स्थानहरूमा नङ्गरहार, खोस्तमा ख्वारीजी मौलवी अब्बास सेन्टर, नङ्गरहारमा ख्वारीजी इस्लाम सेन्टर र ख्वारीजी इब्राहिम सेन्टर र पक्तिकामा ख्वारीजी मुल्लाह रहबर र ख्वारीजी मुखलिस यार रहेको जनाइएको छ । यस अघि पाकिस्तानका आन्तरिक राज्यमन्त्री तलाल चौधरीले सीमापार कारबाहीमा करिब ७० जना आतङ्ककारीलाई नि-सस्त्र बनाएको बताएका थिए । प्रतिबन्धित तहरीक-ए-तालिबान पाकिस्तान, यसका सम्बद्धहरू र इस्लामिक स्टेट-खोरासन प्रान्त (दाइश-खोरासन) का लागि पाकिस्तानी अधिकारीहरूले प्रयोग गर्ने शब्द फितना अल-खवारीजसँग सम्बन्धित शिविरहरूलाई लक्षित गरी आक्रमण गरिएको सरकारले जनाएको छ । इस्लामावादले अफगानिस्तानको मिले-मत्तोमा आधारित आक्रमणहरू आयोजना गरिएको र टिटिपी र दाइश तत्वहरूसँग जोडिएको दाबी गरेको छ ।

# धादिङमा बस दुर्घटना हुँदा १९ को मृत्यु, २५ घाइते

हाम्रा संवाददाता

**धादिङ, फागुन ११/** पोखराबाट काठमाडौं आउँदै गरेको यात्रुवाहक बस धादिङमा दुर्घटनामा हुँदा १९ जनाको मृत्यु छ । सोमबार बिहान करिब १:३० बजे ग १ ख १४२१ नम्बरको बस धादिङको बेनिघाट रोराङ गाउँपालिका-५ भैंसीगौडास्थित पृथ्वी लोकमार्गबाट त्रिशूली नदीमा खस्दा १९ जनाको मृत्यु भएको हो ।

१७ जनाको घटनास्थलमा र दुई जनाको अस्पताल लैजाने क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा २५ जना घाइते भएका छन् । बस सडकबाट करिब २०० मिटर तल त्रिशूली नदी किनारमा खसेको छ । बसमा चालकसहित कुल ४४ जना यात्रु सवार रहेका थिए, जसमा २९ पुरुष र १५ महिला थिए । हालसम्म १९ जनाको मृत्यु पुष्टि भएको छ भने २५ जना घाइते विभिन्न अस्पतालमा उपचाररत छन् । प्रारम्भिक उपचारका लागि घाइतेहरूलाई मलेखुस्थित राजमार्ग



सामुदायिक अस्पताल, टिचिङ अस्पताल मलेखु र जिल्ला अस्पताल धादिङवेशी पठाइएको थियो । गम्भीर घाइतेहरूलाई थप उपचारका लागि काठमाडौंस्थित राष्ट्रिय ट्रमा सेन्टर र नेशनल मेडिकल कलेज, कलंकीमा रिफर गरिएको प्रहरीले जनाएको छ । दुर्घटनामा ज्यान गुमाउनेहरूमा २४ वर्षीय ब्रिटिश नागरिक Stewart Dominic Ethan, कास्की पोखरा-३० का करिब ४० वर्षीय विवेक बस्तोला, स्याङ्जा वालिङ-१४ घर भई हाल काठमाडौं नागार्जुन-६ बस्ने ६३ वर्षीय चन्द्रबहादुर कुँवर, तनहुँ व्यास-४ का करिब ४० वर्षीय ओमकुमार मल्ल, धादिङ त्रिपुरासुन्दरी-४ का करिब ३० वर्षीय इन्जिनियर ठकुरी, तनहुँ शुक्लागण्डकी-७ मालेबगरकी करिब ५५ वर्षीया विष्णुमाया ढकाल, काठमाडौं-६ बौद्ध टुसालका करिब ४२ वर्षीय लोप्साङ गोले, तनहुँ भीमान-६ का करिब ४५/४६ वर्षीय हरिप्रसाद सिग्देल, पाल्पा तानसेन-२ का करिब ५५ वर्षीय नविन्द्र श्रेष्ठ रहेका छन् । यसैगरी केही मृतकहरूको नाम, थर र वतन खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ । तीमध्ये एक करिब ३०-३२ वर्षीय पुरुषको काठमाडौंस्थित राष्ट्रिय ट्रमा सेन्टरमा उपचारका क्रममा मृत्यु भएको हो । अन्य अज्ञात मृतकहरूमा विभिन्न उमेर समूहका पुरुष तथा महिला रहेका छन्, जसको पहिचान खुलाउने प्रयास जारी रहेको छ । केहीको हातमा रहेको ट्याटुका आधारमा सनाखत प्रक्रिया अघि बढाइएको छ ।

## काँग्रेस उम्मेदवारलाई जेष्ठ नागरिकको आशीर्वाद, युवाको साथ





**पाल्पा,** फागुन ११/ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा नेपाली काँग्रेसले पाल्पाका दुई वटै निर्वाचन क्षेत्रमा नयाँ र उर्जाशिल युवाहरुलाई उम्मेदवार बनाएपछि युवादेखि वृद्धवृद्धासम्म उत्साह छाएको छ । विगत लामो समयदेखि यहाँका राजनीतिक दलहरुले एउटै व्यक्तिलाई पटक(पटक उम्मेदवार बनाउने र उनीहरुबाट कुनै पनि काम नभएपछि निराशा बनेका पाल्पाका मतदाता यस पटक भने नेपाली काँग्रेसले नव युवाहरुलाई चुनामी मैदानमा पठाएपछि भने उत्साह छाएको हो ।निर्वाचन मिति नजिकिदैं जाँदा दुवै उम्मेदवार मतदाता भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा व्यस्त छन् । उनीहरुलाई मतदाताले गाउँ(गाउँमा भव्य स्वागत गर्नेदेखि आर्शीवाद दिने गरेका छन् । युवा पुस्ताको प्रतिनिधित्व गर्ने नेता मैदानमा उत्रिएपछि यहाँका अधिकांस युवाहरुले साथ दिएका छन् भने जेष्ठ नागरिकले आर्शीवाद दिएका छन् । काँग्रेसमा युवा नेतृत्व आएपछि देश र भेष बदल्ने आशाका साथ युवाहरुले राना र श्रेष्ठलाई साथ दिएका छन् ।... ***बाँकी अन्तिम पेजमा***

## पाण्डेयले पाल्पा -२ का लागि सार्वजनिक गरे २५ बुँदे प्रतिबद्धता पत्र

### पाल्पालाई बुद्ध धर्म, पर्यटन र शैक्षिक हब बनाउने

कृष्ण पोखरेल

**पाल्पा,** फागुन ११/नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार सोम प्रसाद पाण्डेयले पाल्पा क्षेत्र नं. २ लाई केन्द्रीत गरी २५ बुँदे प्रतिबद्धता पत्र सार्वजनिक गरेका छन् । सोमबार तानसेनमा पत्रकार सम्मेलन गरी उनले तानसेनलाई ऐतिहासिक र पर्यटकीय आकर्षणको केन्द्र बनाउनुका साथै शिक्षा, स्वास्थ्य र कृषिमार्फत रोजगारी सिर्जना गर्ने मुख्य लक्ष्यसहित प्रतिबद्धतापत्र ल्याएका हुन् ।




तानसेनलाई मौलिक शैलीमा (तेलिय इँटा/भक्तपुरे इटाको प्रयोग गरी सुन्दर सहर बनाउने र काठमाडौ पछिको प्रमुख बुद्धमार्गी क्षेत्रका रूपमा विकास गर्ने कार्यक्रम उम्मेदवार पाण्डेयले अगाडि सारेका छन् । उनले सिद्धबाबा-तानसेन-भैरवस्थान-रानीमहल-राम्दी जोडेर एकीकृत धार्मिक तथा सांस्कृतिक पर्यटन सर्किट निर्माण गर्ने योजना पनि ल्याएका छन् । पाल्पाको पहिचानका रूपमा रहेको मगर संस्कृतिलाई विश्वमा चिनाउन 'मगर सङ्ग्रहालय' र 'मगर गाउँ' स्थापना गर्ने उनले संकल्प गरेका छन् । उम्मेदवार पाण्डेले शिक्षा क्षेत्रको विकासका लागि त्रिभुवन बहुमुखी क्याम्पसलाई शैक्षिक अनुसन्धान केन्द्र बनाउने र तानसेनलाई आवासीय शैक्षिक हबका रूपमा विकास गर्ने उल्लेख गरेका छन् । स्वास्थ्यतर्फ पाल्पा अस्पतालको स्तरोन्नति र युनाइटेड मिसन अस्पताललाई अन्तर्राष्ट्रियस्तरको मेडिकल रिसर्च सेन्टर बनाउने योजना पाण्डेयले अघि सारेका छन् । यातायात सहज बनाउन सिद्धार्थ राजमार्गको बुटवल-तानसेन-राम्दी खण्डलाई ३ वर्षभित्र स्तरोन्नति गर्ने र हार्थोक-छहरा मोटरबाटो २ वर्षभित्र कालोपत्रे गर्ने, तानसेनमा ३५०० सिट क्षमताको अन्तर्राष्ट्रिय स्तरको 'स्मार्ट सभाहल' निर्माण गरी 'इभेन्ट टुरिज्म'को प्रवर्द्धन गर्ने प्रतिवद्धतापत्रमा पाण्डेले उल्लेख गरेका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## घोषणापत्र कर्मकाण्डी नहोस्

यतिबेला राजनीतिक दल र उनका उम्मेदवारहरुले चुनावी घोषणापत्र सार्वजनिक गरिरहेका छन् । नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा जस्ता प्रमुख दलहरूले हरेक निर्वाचनमा विस्तृत घोषणापत्र ल्याउने गरेका छन् । २१ फागुनमा हुने मतदानका लागि पनि दल र उम्मेदवारहरूले आफ्नो घोषणापत्र मतदातासमक्ष प्रस्तुत गरेका छन् । अब मतदाताले घोषणापत्र केलाएर आफूले चाहेजस्तो एजेन्डा बोक्ने दल तथा उम्मेदवार रोज्ने सुविधा प्राप्त भएको छ । प्रथमतः कुनै दललाई मत दिन वा नदिनका लागि घोषणापत्र उपयोगी दस्तावेज हो । घोषणापत्र जति दलको सरोकारको विषय हो, त्यति नै मतदाताको सरोकारको विषय हो । यो दुवै पक्षको दायित्व र जिम्मेवारीबोधको विषय पनि हो । दलहरू आफ्नो एजेन्डाका लागि प्रतिबद्ध हुनुपर्छ नै ।

पछिल्ला दुई–तीन वटा निर्वाचनमा दलहरुले सार्वजनिक गरेका घोषणापत्रलाई हेर्ने हो भने घोषणापत्र बढी पपुलिस्ट गरेर बनाइएका छन् । अपवादबाहेक स्रोत र क्षमताको वस्तुगत विश्लेषण गर्ने गरेको देखिएको छैन । राष्ट्रिय योजना र स्रोतको अनुमानलाई तालमेल नमिलाएका कारण घोषणाअनुसार खासै काम भएको छैन । यसले अहिले ल्याइएका घोषणा पत्रहरु पनि त्यस्तै हुने हुन की भन्ने आशंका आम नागरिकमा हुने गरेका छन् । घोषणापत्रले रुचि जगाउन नसक्नुको कारण एउटै छ, कार्यान्वयनको सुनिश्चितता हुन नसक्नु । कार्यान्वयन मात्रै होइन, त्यसका लागि सम्बन्धित दलले पहलकदमी लिएको समेत पाइँदैन । त्यसैले यस निर्वाचनमा जसले जति सिट जित्छ, उसको घोषणापत्र सोही अनुपातमा अनुमोदन भएको दलहरूले बुझ्नुपर्छ । निर्वाचनलाई जनताको आशा र आकांक्षाको वास्तविक अभिव्यक्तिको माध्यम बनाउने हो भने घोषणापत्रलाई कर्मकाण्डी परम्पराबाट मुक्त गरी सामाजिक सम्झौताका रूपमा स्थापित गर्नुपर्छ । त्यसो हुन सके मात्र लोकतन्त्रको अभ्यास औपचारिक सीमाभन्दा माथि उठेर सारभूत र जनमुखी बन्न सक्छ ।

### Opinion @ Social Network

छोडिदेउ झरेर जाने पातलाई हाँगा बचाएर राख
पात त यहाँ हरेक बसन्तमा पलाउँछ ।
*(किष्ण खड्काको फेसबुक स्टाटसबाट www.facebook.com/Krishna.Khadka)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बिजुली हुँदाहुँदै किन ग्यासको कुरा ?



## सुशीलबहादुर कार्की

२०७३ कात्तिकसम्म लगभग ११ वर्ष मुलुक चरम लोडसेडिङको मारमा रह्यो। कम विद्युत् उत्पादन मात्रै नभई पछिल्लो समय १८ घण्टासम्म लोडसेडिङ हुनुको कारण तत्कालीन व्यवस्थापनको चरम कुव्यवस्थापन पनि रहेछ भनेर असोज २०७३ मा कुलमान घिसिङ नेपाल विद्युत् प्राधिकरणको नेतृत्वमा आई लोडसेडिङ क्रमश: घटाई वैशाख २०७५ देखि मुलुक नै लोडसेडिङमुक्त भएको घोषणा गरेपछि जानकारीमा आयो । कात्तिक २०७८ देखि भारतमा बिजुली निर्यात गर्न थालेर त्यस्तो चरम लोडसेडिङबाट ग्रसित मुलुक पाँचै वर्षमा बिजुली निर्यात गर्ने मुलुकमा रूपान्तरण भयो । त्यति मात्रै नभई अर्को तीन वर्षमा कात्तिक २०८१ देखि त बङ्गलादेशमा समेत निर्यात गर्न थाल्यो । यसरी गत दुई वर्षदेखि अन्तर्राष्ट्रिय रूपमा दुई मुलुकमा विद्युत् निर्यात गर्ने मुलुकमा गनिएको छ हाम्रो नेपाल । यहाँबाट बिजुली निर्यात हुनु त्यो पनि दुई-दुई राष्ट्रमा, ऊर्जा क्षेत्रमा भएको ठूलो प्रगतिको सूचक हो र सुखद समाचार पनि । जलविद्युत्को क्षेत्रमा नेपाललाई पूर्णत: लोडसेडिङमुक्त मुलुकबाट निर्याततर्फको यात्रा तय गर्न साढे तीन वर्ष मात्र लागेछ । बिजुली उत्पादनमा मुलुकले यत्रो प्रगति गरिसक्दा पनि हालसालै आएको एक पूर्वप्रधानमन्त्रीको चुनावी अभिव्यक्तिले भने विद्युत्को विकासमा लागेका र आम जनतालाई झस्काएको छ । हालसालै पूर्वप्रधानमन्त्री केपी ओलीले प्राइम टेलिभिजनलाई दिएको एक अन्तर्वार्तामा भने, 'यो चुनावपछि बहुमत ल्याएर म प्रधानमन्त्री भएँ भने ६ महिनाभित्र ग्यास वितरण गर्छु। यो रेकर्डमा रहोस् ।' पूर्वप्रधानमन्त्रीको यो वाचाले मुलुकलाई विद्युत्मय बनाउनुपर्छ भन्नेहरू दिग्भ्रमित हुन पुगेका छन् । चुनावको समयमा आफ्ना मतदातालाई आश्वस्त पार्न यस्ता भनाइहरू आउनु ठूलो कुरो त भएन । तर पटक-पटक देशको नेतृत्व गरेका र सर्वज्ञानी व्यक्तित्वबाट यस्तो भनाइ आउनुले विद्युत् उत्पादन, वितरण र खपतका क्षेत्रमा 'कन्फिडेन्ट' हुने बेला अझै भएको छैन कि भनेर बुझ्नुपर्ने संशय पैदा भएको छ । कुनै दुर्गम जिल्लाको दुर्गम गाउँमा नभई दमकजस्तो विकसितमध्येको तराईको एउटा क्षेत्रमा यस्तो आवाज किन उठ्दै छ? वाक्पटुतामा पोख्त उनलाई पछि कार्यान्वयन हुन नसके, 'बहुमत आएको भए पो ?' भन्ने जस्ता ओठे जवाफ दिएर टार्न कसैले छेक्दैन । तर यहाँ मूल प्रश्न के हो भने पटक-पटक प्रधानमन्त्री भइसकेको व्यक्तिले किन अझै पनि ग्यास जोडिदिन्छु भन्दै छन् ? किन बिजुलीको कुरा गर्न हिचकिचाउँछन् भन्ने हो । त्यसैले यसले माथि उल्लेख गरिएको विद्युतीय क्षेत्रमा भएको प्रगति र सकारात्मक सूचक वास्तविक हुन् कि होइनन् ? उत्पादित बिजुली जनताले उपभोग गर्नै नपाएको पो हो कि ? किन गर्न सकिरहेका छैनन् ? के ग्यास वितरण बिजुलीभन्दा सस्तो, छिटो र भरपर्दो हुन्छ ? अनि ६ नै महिनामा घरघर वितरण गर्न सकिने भए अहिले किन नभएको होला ? जस्ता प्रश्न जन्मिएका छन् र यसमा गम्भीर बहस हुन जरुरी छ । भनिरहनु पर्दैन, नेपालको भान्साको परम्परागत इन्धन अझै पनि दाउरा हो र थियो। समयक्रममा यसलाई चुनौती दिन मट्टितेल त्यसपछि बिजुली र ग्यास आइपुगेका छन् । यी विकल्पले कतिपय भान्सामा दाउरा विस्थापित नै गरे भने कतिपय भान्सामा एक-अर्काले सेयर गर्दै छन्। तर दाउरामै निर्भर रहने जनसङ्ख्या अझै पनि अधिक रहेको ( ५३.६ प्रतिशत) त्यसपछि ग्यासमा ४१.९ र बायोग्यास १.२ आदिपछि मात्र अन्त्य-अन्त्यमा विद्युतीय चुल्होमा मात्र ०.७ प्रतिशत रहेको उदेकलाग्दो तथ्याङ्क हालसालै राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशित गरेको 'बहुसूचक सर्वेक्षण प्रतिवेदन' ले देखाएको छ । ग्रामीण क्षेत्र जहाँ दाउरा मात्र विकल्प रहेको बाहेक, अन्यत्र सहरी, अर्धसहरी क्षेत्रमा व्यावहारिक रूपमा मट्टितेलको प्रयोग अत्यन्त न्यून रहेको छ र अधिकतर रूपमा ग्यास र केहीमा बिजुली प्रयोगमा आएको बुझिन्छ । तर नेपालको दुर्भाग्य, दाउरामा निर्भर बाहेक व्यावहारिक रूपमा कुनै पनि भान्सा एउटै स्रोतमा निर्भर भएर ढुक्कले चलाउन सकिने अवस्थामा छैन । वितरणको सुनिश्चितताको अभावमा सहरी क्षेत्रमा समेत ग्यास चलाउनेले बिजुली र बिजुली चलाउनेले ग्यासलाई विकल्पको रूपमा राख्नैपर्ने अवस्था छ । गत एक दशकबीच विद्युत्को पहुँच ५८ बाट ९६.७ प्रतिशत घरपरिवारमा पुगेको तथ्याङ्क हुँदा पनि भान्सामा विद्युतीय चुल्हो प्रयोग गर्ने सङ्ख्या ०.७ प्रतिशत मात्र हुनुले हाम्रो विद्युत् निर्यात गर्ने क्षमतालाई गिज्याइरहेको अनुभूति हुन्छ । हाम्रो जडित उत्पादन लगभग ४,१०० मेगावाट पुगेको छ । यसो हुँदा वर्षामा निर्यात गर्न पुगे पनि सुक्खायाममा भने बढीमा १,२०० मेगावाटसम्म मात्र उत्पादन हुँदा झन्डै २,४०० मेगावाटसम्मको 'पिक' माग पूर्ति गर्न भारतबाट आयात गर्नुपर्ने अवस्थाको अन्त्य हुन केही वर्ष लाग्ने देखिन्छ । विद्युत् आयात पूर्ण रूपमा रोक्न र आन्तरिक उपभोग बढाउन उत्पादन बढाउने दीर्घकालीन र अल्पकालीन योजना त छन् तर पनि व्यक्तिगत र घरेलु उपभोगमा भने अपेक्षित सुधार आउन नसकेको देखिन्छ । हाल नेपालको बिजुली उपभोग ४५० (२०२३ मा ३३०) किलोवाट आवर वा युनिट प्रतिव्यक्ति प्रतिवर्ष पुग्दा पनि अन्य सार्क मुलुकभन्दा पछाडि नै रहेको छ (अफगानिस्तानबाहेक) । विश्वव्यापी रूपमा हेर्दा विश्व बैंकले २०२३ मा उपलब्ध गराएको पछिल्लो तथ्याङ्कअनुसार सरदर अमेरिकाको १२,५००, युरोपको ७,०००, चीनको ६,५००, भारतको झन्डै १,२०० र सार्क राष्ट्रमध्ये सबैभन्दा बढी माल्दिभ्सको १,५६२ युनिट रहेबाट प्रस्ट हुन्छ हामी विद्युत् निर्यात गर्नेको स्थिति । त्यसैले हामीले गर्न बाँकी धेरै रहेको प्रस्ट छ । सबैभन्दा महत्त्वपूर्ण हामीले उत्पादन साथै प्रतिव्यक्ति खपत वा उपभोग कसरी बढाउने भन्नेतिर ध्यान दिन जरुरी छ । प्रतिव्यक्ति खपत बढेअनुसार पनि जीवनस्तरमा सुधार आएको मान्न सकिने सूचक बन्न सक्छ । त्यसैले हाम्रो ध्यान समग्र विद्युतीय उत्पादन, प्रसारण, निर्यात साथै आन्तरिक औद्योगिक तथा घरेलु खपतलाई एकसाथ अगाडि बढाउँदै लैजानतिर हुन जरुरी देखिन्छ । नेपालको विद्युतीय ऊर्जाको मागभित्र हाम्रो भान्सामा चुल्हो बाल्न प्रयोग हुने विद्युत् अझै समावेश नभएको र खासगरी चिम वा बत्ती बाल्नु मात्र आवश्यकता हो भन्ने हिसाब रहेको देखिन्छ । जबकि बत्तीभन्दा भान्सामा हुने उपयोगको अनुपात धेरै हुन्छ र हुनुपर्छ । त्यसैले बिजुलीको मागको हिसाब गर्दा भान्सामा इन्धनको अन्य स्रोतलाई विद्युत्ले विस्थापन गरेर हुने विद्युतीय मागलाई समेत वास्तविक मागको रूपमा पहिचान गर्न जरुरी छ । र यसलाई लक्ष्य बनाउन सके मात्र गृहस्थ तहमा वास्तविक उपभोग मानिन सक्छ । ढुवानी गर्नु नपर्ने, बोक्नै नपर्ने, थुपारेर जोहो गरेर राख्नु नपर्ने, धुवाँधुलो नहुने, बालिसकेपछि खरानी, गोल जस्ता 'बाइप्रडक्ट'लाई व्यवस्थापन गर्नु नपर्ने, दाउरा जस्तो रूखबिरुवा मास्न, खोज्न र सुकाउन नपर्ने, ग्यास-मट्टितेल जस्ता पूर्णत: आयातित वस्तुभन्दा सस्तो पर्ने र भइरहेको वा एक पटकको लगानीको तारबाट सिधै भान्सामा उपलब्ध हुने बिजुलीको पक्षमा ठूला व्यक्तित्वको आवाज नउठ्नु उदेकलाग्दो छ । दमक भ्युटावर जस्तो प्रयोगविहीन लगानी हुन नपुगोस् भनी यस्ता भनाइलाई आधार मानेर हामीले विद्युतीय विकासलाई स्थगित वा मार्ग परिवर्तन गरी ग्यासतर्फ मोडिने अवस्था छ कि छैन ? यसो गर्नु हितकर हुन्छ कि हुँदैन ठन्डा दिमागले सोचेर, हालसम्मका राष्ट्रिय प्राथमिकता र विद्युतीय क्षेत्रको दीर्घकालीन योजनाहरूलाई समेत मध्यनजर गरेर सरोकारवालाहरूसँग वस्तुनिष्ठ बहस गरेर मात्रै निर्णय गर्नुपर्ने हुन्छ । दलका घोषणापत्रमा घरेलु उपभोग विद्युत् उत्पादन बढाउने र व्यक्तिगत उपभोग बढाउने लक्ष्य उज्यालो नेपाल लगायत सबै प्रमुख दलहरूले राखेकै रहेछन् र झन्डै-झन्डै समान पनि नै देखिन्छ । पहिले सत्तामा रहिसकेका ठूला चार दल र नयाँ दल भए पनि ऊर्जा क्षेत्रका अनुभवी सेलिब्रेटी कुलमान घिसिङको उज्यालो नेपाल दलको विद्युत्का क्षेत्रमा दखल भएको चर्चा नगर्नु अपुरो हुन जान्छ । त्यसैले यी दलका योजनाबारे संक्षिप्त अवलोकन गरिएको छ । विद्युत्को घरेलु उपभोग सम्बन्धमा नेपाली कांग्रेस र नेकपाले प्रतिव्यक्ति विद्युत् खपत उत्ति नै ७५० युनिट पुऱ्याउने, एमालेले दोब्बर (अर्थात् ८००-९०० युनिट), उज्यालोले ८०० युनिट र रास्वपाले १० वर्षमा १५०० युनिट (औसतमा ५ वर्षमा ७५० युनिट मान्न सकिन्छ) गर्दा उही हाराहारीको प्रतिव्यक्ति खपत पुऱ्याउने उद्देश्य देखिन्छ । आउँदो पाँच वर्षमा यही उद्देश्य पूरा भएछ भने पनि वास्तवमा नेपाल दक्षिण एसियाको पुछारमै पर्ने देखिन्छ । रास्वपाले वाचा नं. ४६ मा घरेलु विद्युत् खपत वृद्धि गर्न वितरण प्रणालीमा सुधार, महसुल पुनर्संरचना, देखिने गरी वृद्धि गराउन गार्हस्थ्य विद्युत् दर निर्धारण गर्ने गर्दै सन् २०३५ भित्र प्रतिव्यक्ति वार्षिक बिजुली खपत १५०० किलोवाट आवर पुऱ्याउने लेखेको छ । त्यस्तै, एमालेले समृद्धिको १८औं स्तम्भमा विद्युत् उत्पादन र प्रतिव्यक्ति उपभोग दोब्बर बनाउने उल्लेख गर्दै सबै क्षेत्रको ऊर्जा मागलाई आपूर्ति गर्ने तथा गार्हस्थ्य उपभोगमा विद्युत्को खपतलाई प्रोत्साहित गर्ने ( उल्लेख गरेको छ) । नेपाली कांग्रेसले भान्सामा विपन्न घरधुरीलाई विद्युतीय चुल्हो अनुदानमा वितरण गर्ने, यसको लागि घरेलु विद्युतीय पूर्वाधारलाई सुदृढ गर्ने, 'बढ्दो खपत, घट्दो महसुल'को अवधारणा लागू गर्ने, आयातित ग्यासको विकल्पमा सहुलियत दरको बिजुली र विद्युतीय चुल्हो प्रवर्द्धन गरी भान्साको मासिक खर्च घटाउने र ग्यासमा दिइने अनुदान वास्तविक गरिब र लक्षित वर्गले पाउने प्रणालीको कार्यान्वयन गर्ने प्रतिज्ञा गरेको देखिन्छ । भोटलाई प्रभावित गर्ने नभई यो नितान्त रूपमा दलका घोषणापत्रमा उल्लिखित बुँदाहरूमा आधारित वस्तुगत निचोड हो । चुनाव झन्-झन् नजिकै आउँदा पूर्वप्रधानमन्त्रीले नेपालको दैलेखमा ग्यास भण्डार फेला परेकै आधारमा ६ महिनामा नेपालीका घरघरमा वा सीधै झापा ५ नम्बर क्षेत्रका बासिन्दाकोमा मात्र कसरी पुऱ्याइदिने हुन् र किन ९६.७ प्रतिशत घरमा जोडिएका बिजुलीका तारबाट हरेक घरमा कमसेकम एउटा विद्युतीय चुल्हो नै राखेर भए पनि र त्यही चुल्हो खरिद गर्न पनि सहुलियत दिएर केही न केही राहत दिने जस्ता योजनाहरू त घोषणापत्रमा नआए पनि दैलेखमा रहेको ग्यास के-कस्तो प्रकारको हो ? केमा कसरी प्रयोग गर्न सकिने हो आदि प्रस्ट नहुँदै एमालेले घोषणापत्रमा यसको "व्यापारिक उत्पादन सुरु गर्ने" लक्ष्य राख्न छुटाएको छैन । यही ग्यास ओलीले चुनाव भएको ६ नै महिनामा कुन जादुले घरघरमा कसरी पुऱ्याइदिने हुन् हेर्न बाँकी छ । बस्, उनको भनाइ चुनावी फन्डा नबनोस् । चालू आर्थिक वर्षको पहिलो छ महिनामै ग्यास आयात गर्न २७ अर्ब चार करोड बढी खर्च भएको छ । त्यसैले, अब कसैले र कुनै दलले पनि बिजुलीको सट्टा आयातित महँगो ग्यासको दुहाइ दिन नपरोस् । निजी क्षेत्रको समेत संलग्नतामा राम्रो गति लिइरहेको विद्युतीय विकासमा छिर्के हान्ने प्रयास पनि कसैले नगरुन्। सबैभन्दा सुरक्षित आफ्नै उत्पादन अनि उत्पादन वा प्रयोग गरेर कहिल्यै नसकिने बिजुली पहिलो प्राथमिकतामा रहोस् । दलले राखेका प्रतिव्यक्ति खपतको लक्ष्य लगभग उस्तै नै हुँदा कसैको बहुमत नआई एकमना सरकार बनाउन नसकी गठबन्धनको सरकार बने पनि यो मुद्दा साझा रहने सुनिश्चितता देखिएको छ । त्यसैले सबैको संयुक्त प्रयासले यसको कार्यान्वयन हुन पुगोस् र अबको पाँच वर्षमा आन्तरिक विद्युतीय स्रोतले आयातित ग्यास विस्थापन गर्न सकियोस् ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : प्रतिष्ठित व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ। मान सम्मानमा वृद्धी हुनेछ।

**वृष** : आर्थिक पक्षमा सुधार हुने संकेत देखिएको छ। समस्याले सताउन सक्छ।

**मिथुन** : बौद्धिक काममा सफलता प्राप्त हुनेछ। शेयर बजारबाट लाभार्जन गर्न सकिनेछ।

**कर्कट** : खर्च बढ्न सक्छ बजट मिलाएर चल्नुहोस्। समाजमा मानसम्मान प्राप्त हुनेछ।

**सिंह** : नेतृत्व क्षमतामा वृद्धि हुनेछ। घरपरिवारमा शुभकामको चर्चा हुनेछ।

**कन्या** : काममा व्यस्तता बढ्नेछ। श्रमको उचित फल नपाइएला धैर्य राखौं।

**तुला** : आर्थिक लाभको संकेत देखिएको छ। दाम्पत्य जीवनमा मिठास बढ्नेछ।

**वृश्चिक** : करियरमा परिवर्तनका संकेत छन्।साथीभाइहरूबाट सहयोग पाइएला।

**धनु** : कार्य आरम्भ गर्ने समय रहेको छ। अध्ययन र अनुसन्धानमा सफलता मिल्नेछ।

**मकर** : नयाँ लगानीहरूबाट फाइदा मिल्नेछ। जग्गा जमिनबाट लाभ रहनेछ।

**कुम्भ** : मेहनतको उचित मूल्यांकन पाइनेछ। कार्यक्षेत्रमा आत्मविश्वास बढ्नेछ।

**मीन** : आँटले दिगो लाभ उठाउन सकिनेछ। स्वादिष्ट भोजनको आनन्द मिल्ला।

## विज्ञान / सूचना प्रविधि

# चीनको एआई एप जसले हलिउडमा मच्चायो हलचल




नयाँ चिनियाँ एआई मोडल 'सिडान्स २.०' ले हलिउडमा तहल्का मच्चाएको छ । टिकटक निर्माता बाइटडान्सले बनाएको यो एआई मोडलले सामान्य निर्देशनका आधारमा सिनेमाको गुणस्तरका भिडियोहरू, साउन्ड इफेक्ट र संवादसहित सिर्जना गर्न सक्छ । यसले गर्दा मनोरञ्जन उद्योगमा ठुलो परिवर्तन आउने सम्भावना बढेको छ । स्पाइडर-म्यान र डेडपुलजस्ता प्रसिद्ध पात्रहरू समावेश गरिएका सिडान्सका धेरै क्लिपहरू भाइरल भएका छन् । डिज्नी र प्यारामाउन्टजस्ता ठूला स्टुडियोहरूले बाइटडान्समाथि प्रतिलिपि अधिकार उल्लैनको आरोप लगाएका छन्, तर यस प्रविधिको असर कानुनी मामिलाभन्दा गहिरो छ ।

**सिडान्स के हो र यसले किन हलचल मच्चायो ?**

सिडान्स २०२५ को जुनमा सार्वजनिक भएको थियो, तर यसको दोस्रो संस्करणले बजारमा ठुलो हलचल मच्चाएको छ । भिडियोस्टेटका जान-विलेम ब्लोम भन्छन्, 'पहिलो पटक, मलाई यो एआईका लागि राम्रो हो भन्ने लागिरहेको छैन। बरु, यो सीधा वास्तविक उत्पादन पाइपलाइनबाट आएको जस्तो लाग्छ ।' उनले पश्चिमा एआई भिडियो मोडलहरूले प्रयोगकर्ताका निर्देशनहरूलाई प्रशोधन गरेर उत्कृष्ट छविहरू बनाउन प्रगति गरे पनि, सिडान्सले सबै कुरालाई एकसाथ जोडेको देखिन्छ । अन्य एआई उपकरणहरू - मिडजर्नी र ओपनएआईको सोराजस्तै - सिडान्सले छोटो पाठ निर्देशनबाट भिडियोहरू बनाउन सक्छ । केही अवस्थामा त एउटै निर्देशनले उच्च-गुणस्तरको भिडियो उत्पादन गरेको देखिन्छ । एआई नैतिकता अनुसन्धानकर्ता मार्गरेट मिचेलका अनुसार, पाठ, भिजुअल र अडियोलाई एउटै प्रणालीमा संयोजन गर्ने यसको क्षमता विशेष रूपमा प्रभावशाली छ । सिडान्सको प्रभावलाई विल स्मिथले चाउचाउ खाएको क्लिप कति राम्रो बनाउँछ भन्ने अनौठो बेन्चमार्कले मापन गरिएको छ। सिडान्सले स्मिथलाई चाउचाउ खाँदै गरेको यथार्थपरक भिडियो मात्र बनाउँदैन, यसले स्मिथलाई चाउचाउ दानवसँग लडिरहेको भाइरल भिडियो पनि बनाएको छ - जुन ठुलो बजेटको चलचित्रजस्तै देखिन्छ । धेरै उद्योग विशेषज्ञहरू र फिल्म निर्माताहरू सिडान्स भिडियो-उत्पन्न गर्ने प्रविधिको विकासमा नयाँ अध्याय भएको विश्वास गर्छन् । सिंगापुरस्थित एनिमेसन स्टुडियो टाइनी आइल्याण्ड प्रोडक्सन चलाउने डेभिड क्वोक भन्छन्, 'सिडान्सले उत्पादन गरिरहेका जटिल एक्सन दृश्यहरू यसका प्रतिस्पर्धीहरूभन्दा बढी यथार्थपरक देखिन्छन । यसले एक्सन फिलमहरूमा विशेषज्ञ सिनेमेटोग्राफर वा छायांकन निर्देशकले सहयोग गरेको जस्तो लाग्छ ।' सिडान्स प्रतिलिपि अधिकारको मुद्दामा फसेको छ, जुन एआईको युगमा बढ्दो चुनौती हो । विशेषज्ञहरूले चेतावनी दिएका छन्, एआई कम्पनीहरूले शक्तिशाली उपकरणहरू बनाउँदै र भुक्तानी नगरी डेटा प्रयोग गर्दै गर्दा प्रविधिलाई मानिसभन्दा बढी प्राथमिकता दिइरहेका छन् । प्रमुख हलिउड समूहहरूले सिडान्सले स्पाइडर-म्यान र डार्थ वेडरजस्ता प्रतिलिपि अधिकार प्राप्त पात्रहरू प्रयोग गरेकोमा आपत्ति जनाएका छन् । डिज्नी र प्यारामाउन्टले सिडान्सलाई उनीहरूको सामग्री प्रयोग गर्न रोक्न माग गर्दै पत्र पठाएका छन् । जापानले पनि लोकप्रिय एनिमे पात्रहरूका एआई भिडियोहरू भाइरल भएपछि बाइटडान्समाथि कथित प्रतिलिपि अधिकार उल्लैनको अनुसन्धान गरिरहेको छ । बाइटडान्सले वर्तमान सुरक्षा उपायहरूलाई सुदृढ पार्न कदम चालेको बताएको छ । यो चिनियाँ कम्पनीको लागि मात्र अद्वितीय छैन । सन् २०२३ मा, न्यूयोर्क टाइम्सले ओपनएआई र माइक्रोसफ्टमाथि उनीहरूको एआई मोडलहरूलाई तालिम दिन अनुमति बिना आफ्ना लेखहरू प्रयोग गरेको आरोप लगाउँदै मुद्दा दायर गरेको थियो। रेडिटले गत वर्ष पर्प्लेक्सिटीमाथि अवैध रूपमा प्रयोगकर्ताका पोस्टहरू स्क्र्याप गरेको आरोप लगाउँदै मुद्दा दायर गरेको थियो। डिज्नीले पनि गुगलसँग यस्तै चिन्ता व्यक्त गरेको थियो । मिचेल भन्छिन्, 'धोका रोक्न सामग्रीलाई स्पष्ट रूपमा लेबल लगाउनु र एआईमा सार्वजनिक विश्वास निर्माण गर्नु 'कूल-देखिने' भिडियोहरू भन्दा धेरै महत्त्वपूर्ण छ ।' 'यसैले विकासकर्ताहरूले लाइसेन्सिङ र भुक्तानी व्यवस्थापन गर्ने प्रणालीहरू निर्माण गर्नुपर्छ, र दुरुपयोगको विरोध गर्नका लागि स्पष्ट संयन्त्रहरू प्रदान गर्नुपर्छ,' उनी थप्छिन् । उदाहरणका लागि, डिज्नीले स्टार वार्स, पिक्सार र मार्वलका पात्रहरू प्रयोग गर्न ओपनएआईको सोरासँग १ बिलियन डलरको सम्झौतामा हस्ताक्षर गर्‍यो । युनिभर्सिटी अफ मेलबर्नका कम्प्युटिङ अनुसन्धानकर्ता शानान कोहनी भन्छन्, 'सिडान्सका विकासकर्ताहरूले पश्चिमी बौद्धिक सम्पत्तिको प्रयोग वरिपरि सम्भावित प्रतिलिपि अधिकार मुद्दाहरू बारे सचेत थिए र तैपनि जोखिम मोले ।' 'नियमहरूलाई रणनीतिक रूपमा झुकाउन, केही समयका लागि नियमहरू तोड्न र मार्केटिङको प्रभाव प्राप्त गर्न प्रशस्त ठाउँ छ,' उनी थप्छन् । यसैबिच, साना फर्महरूका लागि, सिडान्सलाई बेवास्ता गर्न धेरै उपयोगी छ । सिंगापुरको टाइनी आइल्याण्ड प्रोडक्सनका क्वोक भन्छन्, यस गुणस्तरको एआईले उनको जस्ता कम्पनीहरूलाई फिल्महरू सिर्जना गर्न अनुमति दिनेछ जुन अन्यथा उनीहरूले वहन गर्न सक्नेभन्दा धेरै महँगो हुनेछ । उनले एसियाको बढ्दो छोटो भिडियोहरू र माइक्रो ड्रामाहरूको उदाहरण दिए जुन सामान्यतया सानो बजेटमा चल्छन् - ८० एपिसोडहरूका लागि लगभग ४१४०,०००, प्रत्येक दुई मिनेटभन्दा कम । यी उत्पादनहरूले लागत कम राख्नका लागि रोमान्स वा पारिवारिक नाटकमा सीमित रहेका थिए किनभने तिनीहरूलाई कम भिजुअल इफेक्ट चाहिन्छ । तर अब एआईले 'कम बजेटका उत्पादनहरूलाई थप महत्वाकांक्षी विधाहरू जस्तै विज्ञान-फाई, पिरियड ड्रामा र, अब, एक्सनमा उकास्न सक्छ,' क्वोक भन्छन् ।

**के चीन अगाडि बढिरहेको छ ?**

सिडान्सले फेरि एक पटक चिनियाँ प्रविधिलाई प्रकाशमा ल्याएको छ । कोहनी भन्छन्, 'यसले संकेत गर्छ कि चिनियाँ मोडलहरू कम्तिमा उपलब्ध भएको सीमामा मेल खाँदैछन् । यदि बाइटडान्सले यो अचानक उत्पादन गर्न सक्छ भने, चिनियाँ कम्पनीहरूसँग अरू कस्ता मोडलहरू छन् ?' गत वर्ष अर्को चिनियाँ एआई मोडल डीपसिकले आफ्नो कम लागतको ठुलो भाषा मोडलले विश्वभरि तरंग पैदा गरेको थियो । यसले छिट्टै एप्पलको अमेरिकी स्टोरमा सबैभन्दा बढी डाउनलोड गरिएको निःशुल्क एपको रूपमा च्याटजीपीटीलाई उछिन्यो । बेइजिङले पछिल्लो वर्ष एआई र रोबोटिक्सलाई आफ्नो आर्थिक रणनीतिको केन्द्रमा राखेको छ, उन्नत कम्प्युटर चिप उत्पादन, स्वचालन र जेनरेटिभ एआईमा ठुलो लगानी गरिरहेको छ किनकि यसले अमेरिकासँग प्राविधिक लाभको लागि बोली लगाउँछ । जब सिडान्स २.० ले हेडलाइन बनाइरहेको थियो, अन्य ठुला चिनियाँ फर्महरूले नयाँ जेनरेटिभ एआई उपकरणहरू लुना नयाँ वर्षको छुट्टीअघि कम-प्रोफाइल रोलआउट गरेका थिए। 'स्प्रिङ फेस्टिभल बढ्दो रूपमा 'एआई छुट्टी' बन्दैछ, किनकि फर्महरूले लाखौं मानिसहरू घरमा हुँदा र नयाँ एपहरूसँग प्रयोग गर्दा लन्चको समय मिलाउँछन्,' विश्लेषक बिल बिशपले आफ्नो न्यूजलेटरमा लेखे । उनले २०२६ चीनमा ठुलो मात्रामा एआई अपनाउनेको लागि एक महत्त्वपूर्ण बिन्दु हुन सक्छ भनी भविष्यवाणी गर्छन् - च्याटबटहरू मात्र होइन, लेनदेनहरू ह्यान्डल गर्ने एआई एजेन्टहरू, दैनिक काममा समावेश गरिएका कोडिङ उपकरणहरू, र भिडियो निर्माताहरूले नियमित रूपमा एआई प्रयोग गर्नेछन् ।

*-रातोपाटी डटकम*

# अमेरिकी अदालतमा इन्स्टाग्रामविरुद्ध ऐतिहासिक मुद्दा




अमेरिकामा सामाजिक सञ्जालले पारिरहेको नकारात्मक प्रभावबारे बहस चर्किँदै गर्दा सोसल मिडिया प्लेटफर्म इन्स्टाग्रामका प्रमुख एडक मोसेरी गतहप्ता लस एन्जल्सस्थित अदालतमा उपस्थित भए । इन्स्टाग्रामले बालबालिका तथा किशोरावस्थाका प्रयोगकर्ताको मानसिक स्वास्थ्यमा नकारात्मक असर पुर्‍याएको भन्ने आरोपसँग जोडिएको उक्त मुद्दा अब करिब ६ हप्तासम्म चल्नेछ । यो मुद्दाको फैसला केवल इन्स्टाग्रामका लागि होइन सम्पूर्ण सामाजिक सञ्जाल उद्योगको भविष्य र जवाफदेहिताका लागि निर्णायक मानिएको छ । इन्स्टाग्राम प्रमुखको दाबी : १६ घण्टासम्म प्रयोग गर्नु लत होइन अदालतमा भएको सुनुवाइका क्रममा कुनै प्रयोगकर्ताले एक दिनमा १६ घण्टासम्म इन्स्टाग्राम चलाउनु लत हो कि होइन भन्ने सवाल उठ्यो । त्यसको जवाफमा इन्स्टाग्राम प्रमुख मोसेरीले देखादेखि झुट बोले । उनले १६ घण्टासम्म इन्स्टाग्राम चलाउनु लत नभएको जिकिर गरे । मोसेरीका अनुसार त्यो लत होइन कि इन्स्टाग्रामको समस्याग्रस्त प्रयोग हो । धेरै समयसम्म इन्स्टाग्राम प्रयोग गर्ने बानीलाई उनले राति अबेरसम्म टेलिभिजन हेर्ने बानीसँग तुलना गर्दै भने, 'लामो समयसम्म प्रयोग गर्ने सबै कुरा हानिकारक नै हुन्छ भन्ने हुँदैन।' मोसेरीको त्यस्तो तर्कले इजलासमा उपस्थित भएका धेरै अभिभावकहरूलाई आक्रोशित बनाएको थियो ।

**बेवास्ता गरिएका उजुरी र फिल्टरको विवाद**

मुद्दाको केन्द्रमा रहेकी युवती (केजीएम) को कथाले अदालतलाई गम्भीर बनाएको छ । उनले इन्स्टाग्राममा बुलिङ अर्थात् दुर्व्यवहार सम्बन्धी ३०० भन्दा बढी उजुरी दर्ता गराएकी थिइन् । तर ती युवतीका त्यस्ता उजुरीबारे आफूलाई जानकारी नभएको मोसेरीले स्वीकार गरे । यसैगरी इन्स्टाग्राम एपमा रहेको तस्वीरमा अनुहारको बनावट परिवर्तन गर्ने फिल्टरहरूमाथि पनि प्रश्न उठेको छ । कम्पनीभित्रकै केही अधिकारीले यस्ता फिल्टरले किशोर किशोरीहरुको आत्मसम्मान कमजोर बनाउन सक्ने चेतावनी दिएका थिए । तर त्यसलाई कडाइका साथ रोक्न इन्स्टाग्रामले ढिलाइ गरेको आरोप लगाइएको छ । अदालतभित्र इन्स्टाग्राम विरुद्ध मुद्दाको सुनुवाइ चलिरहेका बेला अदालतबाहिर विरोध प्रदर्शन भइरहेको थियो। अभिभावक र सामाजिक अभियन्ताहरूले सामाजिक सञ्जालले बालबालिकामा पार्ने मानसिक असरबारे चिन्ता व्यक्त गर्दै त्यसमा सोसल मिडिया कम्पनीहरू जिम्मेवार बन्नुपर्ने माग गरे । विरोध प्रदर्शनमा मारियानो जैनिन पनि सहभागी थिए जसले सन् २०२१ मा १४ वर्षीया छोरी मियालाई गुमाएका थिए । मुद्दाको सुनुवाइ हेर्नका लागि लन्डनबाट लस एन्जल्स पुगेका ट्रायल उनले प्रविधि कम्पनीहरूले नाफाभन्दा बालबालिकाको सुरक्षालाई प्राथमिकता दिनुपर्ने बताए ।

**निर्धारण हुनेछ मेटा तथा युट्युबको भविष्य**

इन्स्टाग्रामको मातृकम्पनी मेटाका वकिलहरूले भने युवतीको जीवनमा अन्य व्यक्तिगत चुनौतीहरू पनि रहेको दाबी गर्दै सबै दोष इन्स्टाग्राम प्लेटफर्ममाथि मात्र थोपर्न नमिल्ने तर्क गरेका छन् । यस मुद्दामा युट्युबको नाम पनि जोडिएको छ । स्मरण रहोस् स्न्यापच्याट र टिकटकले भने यस्तै मुद्दामा अदालतबाहिरै सम्झौता गरिसकेका छन् । आगामी दिनमा मेटाका सीईओ मार्क जुकरबर्ग र युट्युबका प्रमुख निल मोहनले पनि अदालतमा बयान दिनुपर्ने हुनसक्छ । विश्लेषकहरूका अनुसार इन्स्टाग्राम विरुद्धको यो मुद्दा केवल एउटा कम्पनीविरुद्धको कानुनी लडाइँ मात्र होइन । यसले सामाजिक सञ्जालको डिजाइन, एल्गोरिदम र बालबालिकाप्रतिको उत्तरदायित्वलाई पुनः परिभाषित गर्ने संकेत दिएको छ । अमेरिकामा सुरु भएको यो बहस अब विश्वव्यापी बहसतर्फ अघि बढिरहेको छ ।

*-अनलाइन खबर डटकम*

# नयाँ युगमा नेपाल-भारत सम्बन्ध परम्परागत कूटनीतिदेखि 'डिजिटल र ग्रिन' रणनीतिक साझेदारीसम्म



नेपाल र भारतबीचको शताब्दीयौं पुरानो सम्बन्ध अब केवल इतिहास, भूगोल र 'रोटी-बेटी' को भाष्यमा मात्र सीमित छैन । एक्काइसौं शताब्दीको तेस्रो दशकको मध्यमा आइपुग्दा, यी दुई देशको सम्बन्ध परम्परागत राजनीतिक र सुरक्षा चासोभन्दा धेरै माथि उठेर भविष्यमुखी 'रणनीतिक साझेदारी'तर्फ तीव्र रूपमा उन्मुख भइरहेको छ। विशेष गरी 'डिजिटल कनेक्टिभिटी', 'ग्रिन इनर्जी ट्रान्जिसन' र 'शैक्षिक सहकार्य' ले यो सम्बन्धलाई नयाँ आयाम दिँदै सकारात्मक रूपमा पुनर्परिभाषित गरिरहेका छन् । यसको सबैभन्दा पछिल्लो र ज्वलन्त उदाहरण भर्खरै छिमेकी राष्ट्र भारतमा सम्पन्न 'इन्डिया एआई इम्प्याक्ट समिट २०२६' हो, जसले नेपाल जस्ता उदीयमान राष्ट्रहरूका लागि प्रविधि हस्तान्तरण र सहकार्यको नयाँ ढोका खोलेको छ ।

डिजिटल कनेक्टिभिटी र 'एआई इम्प्याक्ट समिट २०२६' को प्रभाव अबको दशकको सबैभन्दा बलियो पुल 'डिजिटल कनेक्टिभिटी' बन्दै छ। नेपाल र भारतबीच हालै पूर्ण रूपमा विस्तार भएको 'युपिआइ' क्रस-बोर्डर पेमेन्ट प्रणालीले दुई देशका नागरिकको दैनिकीमै क्रान्ति ल्याएको छ। लाखौं पर्यटक, विद्यार्थी, तीर्थयात्री र व्यवसायीलाई नगद बोक्ने झन्झटबाट मुक्त गर्दै यसले अनौपचारिक अर्थतन्त्रलाई औपचारिक र पारदर्शी बनाएको छ । यसै सन्दर्भमा, भर्खरै सम्पन्न 'इन्डिया एआई इम्प्याक्ट समिट २०२६' नेपालका लागि एक महत्त्वपूर्ण 'टर्निङ प्वाइन्ट' साबित हुन सक्छ । यस सम्मेलनले 'एआई फर अल' को अवधारणा अघि सारेको छ, जसबाट नेपालले प्रत्यक्ष रणनीतिक लाभ लिन सक्छ : कृषि र विपद् व्यवस्थापन: भारतले विकास गरेका एआईमा आधारित मौसम पूर्वानुमान र 'स्मार्ट एग्रिकल्चर' मोडलहरू नेपालको पहाडी र तराई भूभागमा सजिलै अनुकूलन गर्न सकिन्छ । बाढी र पहिरोको पूर्व सूचना प्रणालीलाई एआईमार्फत थप सटिक बनाउन भारतीय प्रविधि कम्पनीहरूसँग नेपालले साझेदारी अघि बढाउन सक्छ । स्थानीयकृत एआई मोडल : नेपाली भाषा र नेपालको प्रशासनिक आवश्यकता बुझ्ने 'लार्ज ल्याङ्ग्वेज मोडल' निर्माण गर्न यस समिटले प्राविधिक सहकार्य र ओपन-सोर्स डेटा साझेदारीको बाटो देखाएको छ । ग्रिन इनर्जी ट्रान्जिसन: क्षेत्रीय समृद्धिको इन्जिन जलवायु परिवर्तनको विश्वव्यापी सङ्कटसँग जुध्न 'ग्रिन इनर्जी ट्रान्जिसन' दुवै देशको साझा र प्रमुख एजेन्डा बनेको छ । नेपालको अपार जलविद्युत क्षमता र भारतको तीव्र रूपमा बढ्दो ऊर्जा माग एक अर्काका लागि पूर्ण परिपूरक हुन् । आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् भारत निर्यात गर्ने सम्झौता कार्यान्वयनको दिशामा अघि बढ्दै गर्दा, यसले नेपालको अर्थतन्त्रलाई कायापलट गर्नेछ भने भारतलाई कोइला लगायतका जीवाश्म इन्धनमाथिको निर्भरता घटाएर आफ्नो 'नेट-जिरो' लक्ष्य हासिल गर्न मद्दत गर्नेछ। निष्कर्षमा, नेपाल र भारतको सम्बन्ध अब 'सहयोग' को पुरानो भाष्यबाट 'साझेदारी' को नयाँ युगमा प्रवेश गरिसकेको छ । एआई, डिजिटल अर्थतन्त्र र हरित ऊर्जामा आधारित यो आधुनिक साझेदारीले दुई देशको मात्र नभई सम्पूर्ण दक्षिण एसियाकै स्थिरता, शान्ति र विकासको बलियो मेरुदण्ड तयार पारिरहेको छ । *-हाम्रा कुरा डटकम*

# जनमुक्तिका उम्मेदवार अस्लामीको वाचा सार्वजनिक



**पाल्पा,** फागुन ११/राष्ट्रिय जनमुक्ति पार्टीका महासचिव एवं पाल्पा क्षेत्र नं. २ का उम्मेदवार टोप बहादुर अस्लामी मगरले वाचा सार्वजनिक गरेका हुन् । सोमबार तानसेनमा पत्रकार सम्मेलन गरी उनले स्थानीय र राष्ट्रिय मुद्धाहरुलाई प्राथमिकतामा राखेर प्रस्ताव र अपिल स्वरुप वाचा सार्वजनिक गरेका हुन् ।

नेता अस्लामीले पाल्पालाई शैक्षिक केन्द्रको रूपमा पुन:स्थापित गर्दै समय सापेक्ष रूपमा प्राविधिक तथा सीपमूलक शिक्षाको व्यवस्थाको लागि पहल गर्ने,मगर, कुमाल, बोटे भाषा संरक्षण तथा प्रवर्द्धनका लागि स्थानीय पाठ्यक्रममा यी भाषामा सामाग्री तयार गरी भाषा संरक्षणका लागि पहल गर्ने, विभिन्न जातजातिको भाषा संरक्षणका लागि आवश्यक नीति, बजेट व्यवस्थापनको जिम्मा राज्यले लिने गरी नीति निर्माणमा जोड दिने, समाजमा चली आएका कला, संस्कृतिको संरक्षणमा सकारात्मक विभेदको नीति अख्तियार गर्न पैरवी गरिने वाचा गरेका छन् । यस्तै उनले स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसाय स्थापना, सञ्चालन, प्रवर्धन तथा उत्पादन बेचबिखन र त्यसको स्थायित्वका लागि आवश्यक नीति निर्माणमा जोड दिने,पढ्दै कमाउँदै अभियान सञ्चालन गरी विद्यालय तहदेखि उच्च शिक्षा सम्म आयआर्जनका लागि अध्यनरत विद्यार्थी केन्द्रित कार्यक्रम सञ्चालन तथा आवश्यक नीति निर्माणमा जोड दिने, धार्मिक, ऐतिहासिक पर्यटकीय तथा पुरातात्विक सम्पदा संरक्षण एवम् धार्मिक पर्यटन प्रवर्द्धन तथा आय आर्जनका लागि उपुक्त नीति निर्माण र कार्यान्वयनका लागि सरोकारवाला पक्षसंग छलफल गरी उपयुक्त कदम चालिने,आदिवासी, जनजाति, अल्पसंख्यक समुदायको भाषा, कला, संस्कृति संरक्षणमा टेवा पुऱ्याउन स्वरोजगारमूलक कार्यक्रम तथा घरबास (होम स्टे) अभियान सञ्चालन गरी आत्मनिर्भरताका लागि पहल गरिने प्रतिवद्धता जनाएका छन् । यस्तै अस्लामीले स्थानीय श्रोत साधनमा आधारित उद्योग, व्यवसाय, स्थापना सञ्चालनमा जोड दिने ,मुख्य लगानीमा सरकारले जिम्मा लिनु पर्ने गरी नीतिगत व्यवस्थाका लागि पहल गरिने, महिला, दलित, फरक क्षमता ( विकलाङ) भएका व्यक्तिहरूलाई तीनै तहको सरकार, प्रशासन संयन्त्र तथा सामाजिक क्षेत्रमा निश्चित ढंगले महिला सहभागिताका लागि अनिवार्य नीतिगत व्यवस्थाका लागि जोड दिईने, स्वास्थ्य क्षेत्रमा सवल र जनहितकारी कार्यक्रम सञ्चालन गर्ने, मौजुदा स्वास्थ्य बीमा कार्यक्रम व्यवस्थित ढंगले सञ्चालन गर्नका लागि बीमा बोर्ड, स्वास्थ्य संस्था र सेवाग्राहीले निर्वाह गर्नु पर्ने दायित्व र जिम्मेवारी बारे अध्ययन गरी आवश्यक व्यवस्था गर्नका लागि जोड दिईने,हाल सम्म निर्माण भएका तर स्तरोन्नती गर्न बाँकी सडकहरूको काम तत्काल थालनी गर्ने, कालोपत्रे गर्ने काम आवश्यक्ता र प्राथमिकताका आधारमा गर्ने, नयाँ सडक निर्माण भन्दा भएकै सडक सुधार र उपयोग गर्ने रणनीति अवलम्बन गरी निर्माण बजेटलाई अन्य काममा उपयोग गर्ने कुरालाई जोड दिने संकल्प गरेका छन् ।

## खेलकुद समाचार

### विश्वकपको सुपर ८ मा भारत र श्रीलंका पराजित



**काठमाडौं,** फागुन ११/आइसीसी टी-२० विश्वकपको सुपर-८ अन्तर्गतको खेलमा घरेलु टोली भारतमाथि दक्षिण अफ्रिकाले ७६ रनको सानदार जीत निकालेको छ । आइतबार भारतको अहमदाबादमा भएको खेलमा दक्षिण अफ्रिकाले दिएको १ सय ८८ रनको लक्ष्य पछ्याएको भारत १८ ओभर ५ बलमा १११ रनमै अलआउट भयो । भारतका लागि शिवम दुबेले ४२ रन जोडेका थिए । बलिङमा दक्षिण अफ्रिकाका मार्को यान्सेनले ४ विकेट लिए भने केशव महाराजको नाममा ३ विकेट रह्यो । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको दक्षिण अफ्रिकाले ७ विकेटको क्षतिमा १ सय ८७ रन बनाएको थियो । दक्षिण अफ्रिकाका डेभिड मिलरले ३५ बलमा ६३ रन र डेवाल्ड ब्रेभिसले ४५ रन जोडे । बलिङतर्फ भारतका जसप्रित बुमराहले ३ विकेट तथा अर्शदीप सिंहले २ विकेट लिए । यस्तै, विश्वकप सुपर-८ अन्तर्गत हिजै भएको पहिलो खेलमा इंग्ल्यान्डले श्रीलंकालाई ५१ रनले पराजित गरेको छ । पल्लेकेले मैदानमा इंग्ल्यान्डले दिएको १ सय ४७ रनको लक्ष्य पछ्याएको श्रीलंका ९५ रनमै अलआउट भयो । विश्वकपमा यो सबैभन्दा कम रन हो । यसअघि समूह चरणमा पाकिस्तानविरुद्ध नामिबिया ९७ रनमा समेटिएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से सामान्य अंकले सुधार



**काठमाडौं,** फागुन ११/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा समान्य अंकको सुधार देखिएको छ । सोमबार नेप्से परिसूचक दुई दशमलव ४१ अंकले बढेर दुई हजार ६१६ दशमलव ९७ को बिन्दुमा कायम भएको छ ।

सोमबार ३२९ कम्पनीको एक करोड २६ लाख २१ हजार १८८ कित्ता शेयर ५६ हजार ३४८ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब १३ करोड ८६ लाख ४९ हजार ९४६ बराबरको कारोबार भएको छ । बैङ्किङ शून्य दशमलव २८, विकास बैङ्क शून्य दशमलव ९०, वित्त शून्य दशमलव ५६, लगानी शून्य दशमलव ३७, जीवन बीमा शून्य दशमलव ०७ र अन्य समूह शून्य दशमलव ०८ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ । होटल तथा पर्यटन शून्य दशमलव ३५, जलविद्युत् शून्य दशमलव २३, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०६, लघुवित्त शून्य दशमलव ०७, म्युचुअल फन्ड शून्य दशमलव ४१, निर्जीवन बीमा शून्य दशमलव २२ र व्यापार समूह शून्य दशमलव ०३ प्रतिशतले घटेको छ ।

## Rampur Municipality
## Office of the Municipal Executive
## Rampur, Palpa

## INVITATION FOR Bids

*Date of Publication: 2082-11-12(2026-02-24)*

**1. Rampur Municipality** invites electronic bids from eligible bidders for the procurement of below mentioned Works.

**2.** Eligible Bidders may obtain further information and inspect the bidding documents at the **www.bolpatra.gov.np/egp.**

**3.** The name and identification of the contract are as follows:

| Contract No. | Contract Name | Last date & time of Bid document Purchasing. | Last date & time of Bid document Submission. | Bid Opening date & time | Estimated Amount, NRs.(Including VAT ) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|
| RMO/WORK/NCB/49/082/083 | Sundar Tole Bahakhola Sadak Marmat | 2082/12/12 2026/03/26 12:00 hrs. | 2082/12/12 12:00 hrs. | 2082/12/12 14:00 hrs. | 26,45,567.30 | 67,000.00 | 3000.00 |

**4.** The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## पाण्डेयले पाल्पा...

...बढ्दो बसाइँसराई रोक्न पाण्डेयले स्थानीय उत्पादनमा वृद्धि गर्न, सुन्तला, कफी, अदुवा, र एभोकाडोका लागि पकेट क्षेत्र घोषणा गर्ने तथा बाँझो जमिन सदुपयोग गरी युवाहरूलाई स्वरोजगार बनाउने प्रतिबद्ध जनाइएको छ । किसानहरूका लागि वन्यजन्तुबाट हुने क्षति रोकथाम गर्न कानुन निर्माण र क्षतिपूर्तिको पहल गर्ने उनले बताएका छन् । साथै उम्मेदवार पाण्डेयले एङ्गलो-नेपाल वार नेपाल अग्रेज युद्ध पार्क निर्माण, नेवारी घर निर्माण देखी टक्सार टोललाई लिभिङ म्युजियमको रुपमा स्थापना गर्ने ५ वर्षभित्र पाल्पामा शिक्षा, स्वास्थ्य, र खानेपानीको शतप्रतिशत पहुँच पुऱ्याउने र सिद्धार्थ राजमार्गको चिडायाखोला देखी राम्दी सम्मको दुवैतर्फ वृक्षारोपण र फल्चाहरू निर्माण गरी सौन्दर्यकरण गर्ने फ्नले बताएका छन् । आफु पाल्पाली जनताको खुला किताव भएको, सबैको साझा उम्मेदवार दावी गर्दै फागुन २१ गते हुने निर्वाचनमा तारा चिन्हमा मतदान गरी विजय बनाउन पाल्पाली जनतासँग उनले अपिल गरेका छन् । पत्रकार सम्मेलनमा नेपाली कम्युनिष्ट पार्टी पाल्पाको निर्वाचन परिचालन समितिका संयोजक यादवबहादुर रायमाझीले भिजन, योजना भएको एक मात्र व्यक्ति सोमप्रसाद भएकाले निर्वाचनमा विजयी गराउन सबैलाई आग्रह गरे । कार्यक्रम रायमाझीको अध्यक्षता, पार्टीका निर्वाचन प्रचार-प्रसार संयोजक अनिल किशोर घिमिरको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## काँग्रेस उम्मेदवारलाई ...

...यहाँका दुई वटै क्षेत्रमा अहिले अन्य पार्टी परित्या गरी युवाहरु काँग्रेसमा प्रवेश गर्ने क्रम समेत बढेको छ । उम्मेदवारी मनोनयनपछि पाल्पाका अन्य पार्टी परित्याग गरी काँग्रेसमा दुई सय ५० जना प्रवेश गरिसकेको काँग्रेसका कार्यवाहक जिल्ला सभापति झपेन्द्र गहिरेले बताए । क्षेत्र नं.२ का उम्मेदवार हिमालदत्त श्रेष्ठले गाउँ - गाउँ पुग्दा जेष्ठ नागरिकहरुले दिने माया र आशीर्वाद तथा युवा पुस्ताले दिइरहेको साथले आफूलाई जितको लागि सहज भइरहेको बताए । लामो समयदेखि पश्चिम पाल्पामा सत्ता बिमुख भएका कांग्रेसजन र आमनागरिकले पाएको पीडा र भोगेको अन्याय चिर्नलाई कांग्रेसले जित निकाल्ने उनको भनाइ छ । जिल्लामा विकास प्रक्रियामा भएको विभेद, दलीय दम्भ र अन्यायमा परेका आम नागरिकले आृनो उम्मेदवारीलाई विकास, समृद्धि, न्याय र समानताको रुपमा लिएको उम्मेदवार श्रेष्ठको भनाइ छ । भदौ २३ र २४ को जेनजी आन्दोलनपछि परिवर्तित समयको माग र सुशासनको पक्षमा काम गर्ने प्रतिबद्धतासहित घरदैलोमा कार्यकर्ता भेटघाट गरिरहेको उनको भनाई छ । क्षेत्र नं. १ का कांग्रेसका उम्मेदवार सन्दीप रानाले जेनजीको आन्दोलन पछि हुन लागेको चुनाव, बदलिएको कांग्रेसले लड्दै गरेको चुनाव र ३३ वर्ष पछि पाल्पाको नेतृत्व परिवर्तनका लागि हुन लागेको निर्वाचन भएकाले यो निर्वाचन ऐतिहासिक निर्वाचन भएको बताए । अहिले आम मतदातामा कांग्रेसप्रति देखिएको जुन उत्साह छ त्यसले हामीहरुलाई थप उर्जा मिलेको रानाको भनाई छ । नेपाली कांग्रेसका समनुपातिक उम्मेदवार कृष्ण प्रसाद अधिकारीले देशैभर कांग्रेसको लहर आएको बताउँदै देशलाई जिताउन कांग्रेसलाई जिताउनु पर्ने बताए । उम्मेदवारहरु सँग नेपाली काँग्रेसका केन्द्रीय सदस्य राजेन्द्र गोपाल सिंह, काँग्रेस निर्वाचन परिचालन समिति पाल्पाका संयोजक बिर बहादुर राना, पूर्व केन्द्रीय सदस्य हरी नेपाल लगायतका नेताहरु घरदैलोमा पुगेका छन् ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई